बैठक नं ०२
मितिः- २०७६।०६।१२
समयः- ११.०० बजे
स्थानः- कैलाश गाउँकार्यपालिकाको कार्यालय,
मकवानपुर ।

आज मिति २०७६।०६।१२ गते आइतवारका दिन कैलाश गाउँपालिकाका अध्यक्ष श्री टंक बहादुर मुक्तानज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको वैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथी छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो ।

उपस्थितिः

| | | |
|---|---|---|
| | श्री टंक बा.मोक्तान | अध्यक्ष, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुकुमायाथिङ्ग | उपाध्यक्ष, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री पेमा योन्जन | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री राजेन्द्रतामाङ घिसिङ | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री देव लाल बल | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री तिलक बा.मुक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री छेकु लामा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री ठुलो कान्छालामा | सदस्य,कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री उदास कु. भ्लोन | सदस्य,कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुर्ज बा.थिङ्ग | सदस्य,कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुमन लटौला | सदस्य,कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री माणिकलालमुक्तान | सदस्य,कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री गोविन्दबि.क. | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री संगिता प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री आशिष प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री लक्ष्मीमुक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| फुलमाया | श्री फुल मायासिंतान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| राममाया | श्री राम मायाप्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री लोक बहादुर कुसारी | सदस्य-सचिव, कैलाश गाउँकार्यपालिका, मकवानपुर |
| | श्री सुरेश न्यौपाने | माईन्यूट व्यवस्थापक,कैलाश गाउँकार्यपालिका, मकवानपुर |
| | श्री प्रकाश राई | प्राविधिक सहयोगी, कैलाश गाउँकार्यपालिका, मकवानपुर |

**बैठकका एजेण्डाहरु:-**

१. विजया दशमी २०७६ को शुभकामना आदानप्रदान सम्बन्धमा।
२. कार्यविधि र कानूनको मस्यौदा सम्बन्धमा ।
३. प्रहरी चौकी सामान खरिद सम्बन्धमा ।
४. आर्थिक सहयोग सम्बन्धमा ।
५. करार कर्मचारीको सेवा सुविधा सम्बन्धमा ।
६. वडा कार्यालयमा आवश्यक कार्यालय सहयोगी पदपूर्तीका लागि छनौट विधी र मापदण्ड तोक्ने सम्बन्धमा ।
७. निकासा रकम फिर्ता भई फिर्ता रकम पुनः माग सम्बन्धमा ।
८. फर्निचर खरिदलाई नपुग रु.रु. ७५००० थप गर्ने सम्बन्धमा ।
९. गत आ.ब. २०७५/०७६ मा सम्झौता भै भुक्तानी दिन बाँकी DPR को रकम भुक्तानी दिने सम्बन्धमा ।
१०. कार्यालय भवन मर्मत संरक्षणको लागि बजेट बिनियोजन गर्ने सम्बन्धमा ।
११. समपूरक अनुदान सम्बन्धमा ।
१२. गाउँपालिकाका सडक खन्ने तथा मर्मत गर्ने कार्यमा Road Norms अनुसार दर रेट सम्बन्धमा ।
१३. एकिकृत सम्पत्ति कर सफ्टवेयर र School Result Management Software सम्बन्धमा ।
१४. ३ नं वडा कार्यालयको भवनमा विजुली वाइरिङ्ग खर्च अनुमोदन सम्बन्धमा ।
१५. पूर्वाधार निर्माण तर्फको जनसहभागिता जुटाउने सम्बन्धमा ।
१६. विविध सम्बन्धमा।

**निर्णय नं १**:- नेपालीहरुको महान चाड विजया दशमी-२०७६ का अवसरमा गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधि, कर्मचारीहरु विच शुभकामना आदान प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं २**:- यस गाउँपालिकाको विधायन समितिद्वारा पेश भएको अपाङ्गता परिचय पत्र वितरण सम्बन्धि कार्यविधि, २०७६ यस कार्यपालिकाको बैठकबाट दफावार छलफल गरी स्वीकृत तथा अनुमोदन गर्ने निर्णय गरियो । साथै कैलाश गाउँपालिकाको वातावरण संरक्षण विधेयक २०७६ आगामी गाउँसभाको वैठकमा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**:- यस कैलाश गाउँपालिका वडा नं ३, कालिकाटारस्थित प्रहरी चौकी भार्ताको च.नं.५ मिति २०७६।६।७ गतेको पत्रानुसार सो प्रहरी चौकीलाई सोलार, फर्निचर लगायतका सर सामानहरु उपलब्ध गराई पाउनका लागि अनुरोध भई आएकोले कार्यालयबाट स्वीकृत लागत अनुमानका आधारमा सोलार (१००W) र स्टील दराज नियमानुसार खरिद गरी उपलब्ध गराउनका लागि चालु आ.ब.०७६।७७ को संस्थागत विकास सेवा प्रवाह सुशासनको सुरक्षा व्यवस्थापन शिर्षकबाट बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**:- यस गाउँपालिकामा तपसीलका विद्यालय तथा संघ संस्थाहरुबाट आर्थिक सहयोग माग भई आएको हुँदा देहाय बमोजिमको आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

| सि.नं | संस्थाको नाम र ठेगाना | सहयोग माग विवरण | स्वीकृत सहयोग रकम | शिर्षक |
|---|---|---|---|---|
| १ | मध्य क्षेत्रीय कारागार कार्यालय, भिमफेदी, मकवानपुर । | विविभ मनोरञ्जनात्मक तथा खेलकूल कार्यक्रम सञ्चालन सहयोग माग। | रु.२५०००। | उपयुक्त शिर्षक |
| २ | नेपाल माझी उत्थान संघ, मकवानपुर | प्रथम माझी राष्ट्रिय गोलकप २०७६ सञ्चालन गर्न सहयोग माग। | रु.२५०००। | उपयुक्त शिर्षक |

**निर्णय नं ५**:-

क. यस गाउँपालिका तथा अन्तरगतका वडा कार्यालयहरु, स्वास्थ्य चौकी, कृषी, पशुशाखा, प्राविधिक शाखामा करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा सुविधा नेपाल सरकारको मापदण्ड अनुसार वृद्धि भएको तलव बमोजिम गाउँपालिकाबाट उपलब्ध गराउने र मिति २०७६।४।१ गतेदेखि लागु हुन गरी करार सम्झौता नविकरण गर्ने निर्णय गरियो । साथै गरिवसँग विश्वेश्वर कार्यक्रम अन्तरगत करार सेवामा कार्यरत सामाजिक परिचालकहरु र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतका रोजगार संयोजकको करार म्याद थप गर्ने निर्णय गरियो ।

ख. यस कार्यालयको सूचना प्रविधि शाखामा करार सेवामा कार्यरत सूचना प्रविधि अधिकृत श्री प्रकाश राईलाई संघिय मामीला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) को प.सं. ०७६/७७ च.नं ९६ मिति २०७६।५।३१ को पत्रमा उल्लेख भए अनुसारको सम्झौता नविकरण गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| - अपाङ्ग | - | ५ |
| - पिछडिएको क्षेत्र | - | ४ |

नोटः कूल माग पद संख्या ९ (नौ) लाई १०० प्रतिशत मानी खुल्ला तर्फ ५५ प्रतिशत र बाँकी ४५ प्रतिशत समावेशी गरी नियमानुसारको प्रतिशत बमोजिम समावेशी माग पद संख्या निर्धारण गरिएको ।साथै तोकिएको आरक्षण कोटामा दरखास्त नपरेमा उक्त आरक्षण कोटा स्वत: खुलामा गणना हुने ।

निर्णय नं ७:- श्री जीवन ज्योति प्रा.वि., कैलाश ९, घैराङको च.नं ३० मिति २०७६।५।२४ को पत्रानुसार सो विद्यालयको भौतिक पूनर्निमाण अन्तरगत विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) बाट जिल्ला शिक्षा विकास तथा समन्वय इकाइ मार्फत कूल रकम रु ३६,००,०००।– को चारकोठे भवनको लागि तहाँ इकाईमा सम्झौता भएकोमा कैलाश गाउँपालिकाबाट १८,००,०००।– रकम फिर्ता पठाएकोमा सो फिर्ता रकम पुन: माग गर्ने निर्णय गरियो ।

निर्णय नं ८:- यस गाउँपालिका अन्तरगत वडा नं ५ को नवनिर्मित वडा कार्यालय भवनको फर्निचर खरिदको लागि ...७५०००/- नपुग भएको हुँदा चालु आ.ब. ०७६।७७ को फर्निचर तथा फिक्चर्स शिर्षकबाट उक्त रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ९:- गत आ.व. ०७५।७६ मा सम्झौता भई भुक्तानी हुन बाँकि रानीपोखरी पर्यटकिय क्षेत्रको विस्तृत सर्भे डिजाइन DPR, कैलाश ३ र देखारी पर्यटकिय क्षेत्रको विस्तृत सर्भे डिजाइन DPR, कैलाश ७ को सम्पन्न गर्ने म्याद भौगोलिक विकटता तथा वर्षातका कारणले समयमै प्रतिवेदन दिन नसकिएको हुँदा सो को म्याद २०७६ आश्विन मसान्तसम्म थप गर्दै भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १०:- यस गाउँपालिकाको भवन चारैतिर खुल्ला भएको तथा कार्यालय सुरक्षित समेत नभएकोले सोको व्यवस्थापनको लागि चालु आ.ब. ०७६।७७ को भैपरी पूँजिगत निर्माण/मर्मत खरिदसँग सम्बन्धित शिर्षकबाट रु. ५,००,०००।– बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ११:- श्री राष्ट्रिय योजना आयोग, सिंहदरबार काठमाडौबाट प्रदेश तथा स्थानीय तहमा समपूरक तथा विशेष अनुदान बाँडफाँड गर्न आयोजना/कार्यक्रम प्रस्ताव मिति २०७६।६।७ मा आव्हान गरेको हुँदा यस गाउँपालिकाबाट ३० दिन भित्र Online मार्फत सो आयोगको कार्यविधिअनुसार योजना/कार्यक्रम छनौट गरी पठाउने निर्णय गरियो ।

निर्णय नं १२:- यस गाउँपालिका अन्तरगत रहेका विभिन्न योजनाहरुमा हेभी ईक्युप्मेण्ट (JCB Excavator) प्रयोगको लागि श्री भौतिक पूर्वधार तथा यातायात मन्त्रालय अन्तरगतको सडक विभागले पास गरेको Road Norms अनुसार दर रेट स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं १३:- यस गाउँपालिका अन्तरगतका १० वटै वडा कार्यालयमा एकिकृत सम्पत्ति कर Software जडान गर्नको लागि चालु आ.ब. ०७६।७७ को सूचना प्रविधि शिर्षकबाट कार्यक्षेत्रगत शर्त विवरण र स्वीकृत लागत अनुमानका आधारमा खरिद गर्ने निर्णय गरियो ।साथै कैलाश गाउँपालिकाभित्रका सबै सामूदायिक विद्यालयहरुको नतिजा प्रकाशन र विद्यार्थीहरुको अभिलेख व्यवस्थापन गर्नको लागि School Result Management Software जडान गर्नको लागि चालु आ.ब. ०७६।७७ को सूचना प्रविधि शिर्षकबाट कार्य योजना तथा TOR र स्वीकृत लागत अनुमानका आधारमा खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं १४:- ३ नं वडा कार्यालयको भवनमा विजुली वाइरिङ गर्दा लागेको खर्च रु १४,९१५।- अनुमोदन गर्दै चालु खर्च तर्फको मर्मत सम्भार खर्च शिर्षक नं २२२३१ बाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १५:- यस गाउंपालिकाबाट संचालन हुने पूर्वाधार निर्माण तर्फको उपभोक्ता समितिवाट सचालन हुने आयोजनामा उपभोक्ता समितिले व्यहोर्नु पर्ने अंशदान एवं जनसहभागीता देहायबमोजिम कायम गर्ने निर्णय गरियो ।

क. कच्ची सडक निर्माण तथा माटोको कार्यमा स्वीकृत बजेटको कम्तीमा १० प्रतिशत रकम बरावरको काम उपभोक्ता समितिले व्यहोर्नु पर्नेछ ।

ख. सडक ग्रेभल, खानेपानी, सिंचाई आयोजनाको निर्माण कार्यको हकमा स्वीकृत बजेटको कम्तीमा १० प्रतिशत रकम बरावरको काम उपभोक्ता समितिले व्यहोर्नु पर्नेछ ।

ग. भवन तथा अन्य निर्माण कार्यको हकमा स्वीकृत बजेटको कम्तीमा १० प्रतिशत रकम बरावरको काम उपभोक्ता समितिले व्यहोर्नु पर्नेछ ।

घ. आयोजना संचालन गर्ने गाउंपालिकाले नगदै अंशानुदान गर्नुपर्ने भनी तोकिएकोमा सोही बमोजिम नगद अंशदान सम्बन्धित उपभोक्ता समितिले व्यहोर्नु पर्नेछ ।

निर्णय नं.१६

१. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ (१),(ख) को (५) मा गाउंपालिकाबाट संचालन हुने योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्न कैलाश गाउपालिकाको उपाध्यक्षको संयोजकत्वमा गठीत अनुगमन तथा सुपरिवेक्षण समितिबाट हुने व्यवस्था भएको र यस गाउंपालिका भौगोलिक रुपमा अतिबिकट र दुर्गम भएकोले सबै योजना तथा कार्यक्रमहरुको स्थलगतरुपमा अनुगमन गर्न नभ्याउने भएकोले गाउंपालिकाबाट स्वीकृत बजेट रु.५ लाख सम्मका योजना तथा कार्यक्रमहरु सम्बन्धित वडाका वडा अध्यक्षको संयोजकत्वमा तपसिलबमोजिमको अनुगमन तथा सुपरिवेक्षण समितिबाट गर्नको लागि वडा कार्यालयलाई जिम्मेवारी दिने र रु.५ लाख देखि माथिका योजना तथा कार्यक्रमहरुको अनुगमन गर्नको लागि तपसिलबमोजिमको गा.पा.स्तरिय अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

गा.पा.स्तरिय अनुगमन तथा सुपरिवेक्षण समिति
क. संयोजक, गा.पा.उपाध्यक्ष : श्री सुकुमायां थिङ्ग
ख. सदस्य : श्री राममायां प्रजा
ग. सदस्य : श्री आशिष प्रजा
घ. सदस्य : श्री प्र.प्र.अ, कैलाश गाउपालिका
ङ. सदस्य सचिव : श्री योजना शाखा प्रमुख

वडा स्तरिय अनुगमनतथा सुपरिवेक्षण समिति
क. सम्बन्धित वडाका वडा अध्यक्ष : संयोजक
ख. सम्बन्धित वडाका वडा सदस्यहरु :सदस्य
ग. सम्बन्धित वडाका वडा सचिव : सदस्य सचिव

नोट : आबश्यकता अनुसार सम्बन्धित बिषयबिज्ञलाई उक्त समितिमा आमन्त्रण गर्न सकिनेछ । साथै अनुगमनको लागि सम्वन्धित योजनाहरुको फाईलहरु पेश भै सकेको हुनु पर्नेछ ।

२. यस गाउंपालिकाबाट संचालन हुने पूर्वाधार निर्माण आयोजनाहरुको फरफारक गर्नको लागि स्थानीय सरकार संचलान ऐन, २०७४ को दफा ८४ मा भएको व्यवस्थाको अतिरिक्त तपसिल बमोजिमको ३ सदस्यीय फरफारक समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

गा.पा.अध्यक्ष श्री टंक बहादुर मुक्तान : संयोजक

गा.पा.उपाध्यक्ष श्री सुकुमायां थिङ्ग : सदस्य

कार्यपालिका सदस्य श्री लक्ष्मी मुक्तान : सदस्य

३. यस गाउंपालिकाबाट चालु आ.व. २०७६/०७७ मा तपसिलको भवन र सडकहरुको DPR गर्नको लागि तपसिलबमोजिमको बजेट बिनियोजन भएकोमा प्राविधिक शाखाबाट सो कार्यको लागि पेश भएको लागत अनुमानबमोजिमको बजेट नपुग भएकोले तपसिलको शिर्षकबाट बजेट थप गरी DPR तयार गर्ने निर्णय गरियो ।

तपसिल

| सि. नं. | DPRगर्ने योजनाको नाम | स्वीकृत बजेट | लागतअनुमान | थपगर्ने बजेट | शिर्षक |
|---|---|---|---|---|---|
| १ | कैलाश गाउंपालिका भवन, कैलाश ३ | रु.५,००,००० | रु.६,९५,७४१ | रु.१,९५,७४१ | भैपरी पूँजिगत निर्माण |
| २ | कालिकाटार नामटार सडक, कैलाश ३,४,१० र ९ | रु.७,००,००० | रु.९,०८,६७३/०६ | रु.२,०८,७८३/०६ | |
| | जम्मा रु. | १२,००,००० | १६,०४,४१४/०६ | ४,०४,४१४/०६ | |

४. कैलाश गाउँपालिका वडा नं २ निवासी श्री वीर बहादुर मुक्तानको घाँस दाउरा गर्ने क्रममा भीरबाट लडेर खोलामा परि मृत्यु भएकोले यस गाउँकार्यपालिकाको वैठकले राहत स्वरुप मृतकको परिवारलाई क्रिया खर्च रु. २०००० (अक्षेरेपी वीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

५. यस गाउँपालिका अन्तरगतका तपसीलका सडकहरु स्वीकृत लागत अनुमानका आधारमा विपत कोषबाट खर्च व्यहोर्ने गरी तत्काल मर्मत गर्ने निर्णय गरियो ।

तपसील

क सानो डाँडाखर्क अल्छे सडक, कैलाश २

ख सानो लेक मझुवा दुम्सेखर्क सडक, कैलाश ६

ग रातोमाटे सडक, कैलाश १०

६ आँखा शिविर र सा सु भत्ता वितरण गर्दा लागेको ढुवानी खर्च उपयुक्त शिर्षक खोजी नियमानुसार भुक्तानी दिने निर्णय गरियो । साथै आँखा शिविर सञ्चालन गर्दा लागेको खर्च सम्झौता तथा आवश्यक कागजातका आधारमा नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

३ गाउँपालिका तथा कैलाश अस्पतालको घडेरी तथा जाली निर्माणका लागि भैपरी तथा पूँजिगत निर्माण शिर्षकबाट रु १० लाख बजेट विनियोजन गर्ने निर्णय गरियो ।

आजको बैठक दिउसों ११:०० बजे बसी अपरान्ह ४:४५ बजे सम्पन्न भयो ।